# कांक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com








वर्ष : २५ | अंक : ३२२ | बिहीवार, १८ भदौ, २०८३ | Thursday, 3 Sep 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


# जेठमै सक्नुपर्ने झण्डै १ करोडको आकाशे पुल, मध्य भदौसम्म ७० प्रतिशत मात्रै काम

***वीरेन्द्रनगरको मंगलगढी चोकमा निर्माण भइरहेको कर्णालीकै पहिलो आकाशे पुलको काम ७० प्रतिशत पूरा भए पनि निर्धारित समयमा सम्पन्न हुन नसकेपछि पुनः असोज मसान्तसम्म म्याद थप गरिएको छ। पुल निर्माणको बाँकी काम दसैँअघि सक्ने निर्माण कम्पनीको दाबी छ।***

**कांक्रेविहार संवाददाता**
दैलेख, १७ भदौ



कर्णाली प्रदेश राजधानी वीरेन्द्रनगरको मंगलगढी चोकमा निर्माण भइरहेको आकाशे पुलको पुनः म्याद थप गरिएको छ। वीरेन्द्रनगरको नगर गौरवको आयोजनाका रूपमा रहेको यो आयोजना निर्धारित समयभित्र काम सम्पन्न हुन नसकेपछि नगरपालिकाले निर्माण कम्पनीलाई आगामी असोजसम्म म्याद थप गरेको हो।

नगरपालिकाका वरिष्ठ इन्जिनियर यज्ञ कार्कीका अनुसार पुल निर्माणको काम गत असारमा सम्पन्न गर्नुपर्ने थियो। तर तोकिएको समयमा काम नसकिएपछि फेरि म्याद थप गरिएको उनले जानकारी दिए। भुक्तानीसम्बन्धी समस्याका कारण निर्माण कम्पनीलाई काम गर्न अप्ठ्यारो परेको र त्यसलाई समेत ध्यानमा राखेर थप समय दिइएको कार्कीले बताए। उनले भने, 'भुक्तानीको कुराले उहाँलाई काम गर्न अलिकति अप्ठ्यारो भयो। त्यसैले असोज मसान्तसम्म म्याद थप गरेका छौँ।'

नगरपालिकाका सव-इन्जिनियर देवनारायण आचार्यका अनुसार वर्षाका कारण पछिल्लो समय निर्माण कार्यको गति केही सुस्त भएको छ। पानी परेका बेला निर्माणका केही काम प्रभावित हुने भए पनि काम भने निरन्तर भइरहेको उनले बताए। 'काम रोकिएको छैन, पानीले गर्दा अलिकति स्लो भएर भएको हो। काम चलिरहेको छ,' उनले भने।

आचार्यका अनुसार पुल निर्माणको करिब ७० प्रतिशत काम पूरा भइसकेको छ। पुलको बीच भागमा गर्नुपर्ने क्रसिङ जडान र रंगरोगनको काम बाँकी रहेको उनले बताए। निर्माण कम्पनीले दसैँअघि नै काम सम्पन्न गर्ने बताएको पनि आचार्यले जानकारी दिए। उनले भने, 'दसैँ अगाडि भ्याउँछु भन्छन् ठेकेदारले।'

वर्षाका कारण वल्डिङलगायतका काममा केही कठिनाइ हुने गरेको आचार्यले बताए। पानी परेका बेला वल्डिङ गर्दा विद्युत् प्रवाहका कारण जोखिम हुने भएकाले कामको गति प्रभावित भएको उनको भनाइ छ। यद्यपि निर्माण कार्य रोकिएको भने छैन।

म्याद थपका लागि निर्माण कम्पनीले नगरपालिकामा अघिल्लो म्याद सकिनासाथ नै निवेदन दिएको पनि आचार्यले बताए।

उनका अनुसार निर्माण सामग्रीको मूल्यवृद्धि तथा आवश्यक सामग्री समयमै उपलब्ध हुन नसकेकोलगायतका कारण देखाउँदै कम्पनीले म्याद थप मागेको हो। 'उहाँहरूले म्याद सकियो, म्याद थपिदिनुपर्‍यो भनेर पहिल्यै निवेदन दिनुभएको थियो। मूल्यवृद्धिका कारण सामानको सप्लाई हुन नसकेकोलगायत दुई-तीनवटा कारण देखाउनुभएको थियो,' उनले भने।

निर्माणको गति प्रभावित हुनुमा वर्षासँगै निर्माण सामग्रीको ढुवानीमा आएको समस्याले पनि भूमिका खेलेको नगरप्रमुख मोहनमाया ढकालको भनाइ छ।

आवश्यक सामग्री निर्माणस्थलसम्म ल्याउन समस्या भएपछि कामको तालिकामा असर परेको उनले बताइन्। 'बीचमा एकचोटि अलि सामानहरू ल्याउन ढुवानी गर्न समस्या भयो भनेर उनीहरूको म्याद थप भएको हो,' उनले भनिन्, 'अब तीव्र गतिमा काम सुरु हुन्छ।'

मंगलगढी चोकमा आकाशे पुल निर्माणको काम २०८२ पुसदेखि सुरु भएको हो। वीरेन्द्रनगर नगरपालिकाले शहरमा बढ्दै गएको सवारी चाप र पैदल यात्रुको आवतजावतलाई ध्यानमा राख्दै पुल निर्माणको योजना अघि बढाएको हो।

नगरपालिकाका अनुसार आकाशे पुल निर्माणका लागि वीरेन्द्रनगर नगरपालिका र अजोज कन्स्ट्रक्सन, काठमाडौंबीच भ्याटबाहेक ९९ लाख ९३ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको हो। नगरपालिकाले स्टिमेट गरेको लागत अनुमान भने १ करोड ५९ लाख रुपैयाँ रहेको छ।

सम्झौताअनुसार निर्माण सम्पन्न गर्ने प्रारम्भिक अवधि २०८३ जेठ मसान्तसम्म तोकिएको थियो। निर्धारित अवधिमा निर्माण बाँकी पृष्ठ २

# कालिकोटमा एलपी कालोबजारी र कृत्रिम अभाव रोक्न प्रशासनको चेतावनी

**कांक्रेविहार संवाददाता**
कालीकोट, १७ भदौ



कालिकोट जिल्लामा केही दिनयता खाना पकाउने एलपी ग्यासको अभाव देखिएपछि जिल्ला प्रशासन कार्यालय कालिकोटले नियमित तथा सहज आपूर्ति सुनिश्चित गर्न ग्यास व्यवसायी र उपभोक्तालाई विभिन्न निर्देशन दिएको छ।

जिल्ला प्रशासन कार्यालय कालिकोटले २०८३ भदौ १७ गते जारी गरेको सूचनामार्फत ग्यासको कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने, अवैध भण्डारण गर्ने तथा तोकिएको मूल्यभन्दा बढीमा बिक्री-वितरण गर्ने कार्य नगर्न सचेत गराएको हो।

प्रमुख जिल्ला अधिकारी झविलाल भटराईका अनुसार कालिकोटका लागि बिक्री-वितरण गर्न ल्याइएको ग्यास अन्य जिल्लामा बिक्री-वितरण गरिएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गरिने जनाएको छ। साथै ग्यास बिक्री गर्दा अभिलेख राख्न र त्यसको निगरानी गर्न यातायात व्यवसायी तथा सुरक्षा निकायसमेतलाई आग्रह गरिएको छ।

प्रशासनले उपभोक्तालाई आवश्यकताभन्दा बढी ग्यास सिलिन्डर खरिद गरी भण्डारण नगर्न आग्रह गरेको छ। आवश्यकता अनुसार मात्र ग्यास खरिद गरी अन्य उपभोक्ताले समेत सहज रूपमा ग्यास पाउने वातावरण बनाउन सहयोग गर्न प्रशासनले अनुरोध गरेको छ।

त्यसैगरी, आवश्यकताभन्दा बढी ग्यास सिलिन्डर संकलन गरेका व्यक्तिले ग्यास अभाव भएका छिमेकी वा अन्य उपभोक्तालाई आवश्यक परिमाणमा उपलब्ध गराउनसमेत आग्रह गरिएको छ।

ग्यास व्यवसायीले सिलिन्डरको बिक्री तथा वितरणको दैनिक अभिलेख पारदर्शी रूपमा राखी जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा नियमित रूपमा उपलब्ध गराउनुपर्ने सूचनामा उल्लेख छ।

# प्रधानमन्त्रीले भोटेकोशी बाढीको व्यवस्थापनबारे सरकारमाथि उठेका प्रश्नको दिए जवाफ

**कांक्रेविहार संवाददाता**
काठमाडौं, १७ भदौ



प्रधानमन्त्री बालेन्द्र शाहले रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढी व्यवस्थापनका क्रममा सरकारमाथि उठेका विभिन्न प्रश्नहरूको संसदमा स्पष्टीकरण दिएका छन् । बुधबार प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गर्दै उनले अन्तर्राष्ट्रिय सहयोग, सूचना प्रवाह, शव व्यवस्थापन र सुरुङ उद्धारका विषयमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिएका हुन् । ।

प्रधानमन्त्री शाहले विपद्को व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय सहयोग पहिलो दिनदेखि नै लिइरहेको जानकारी दिए । अन्तर्राष्ट्रिय सहयोग लिन सरकारले आनाकानी गरेको भन्दै उठेको प्रश्नबारे प्रधानमन्त्री भने, 'यति ठुलो विपत्तिमा अन्तर्राष्ट्रिय सहयोग नलिने भन्ने प्रश्नै आउँदैन। पहिलो दिनदेखि नै हामीले विदेशबाट सहयोग लिइरहेका छौँ।'

सरकारमाथि विपद्मा सरकारले सूचना प्रवाह नगरेको भन्दै प्रश्न उठेको थियो । त्यसको जवाफ दिँदै प्रधानमन्त्री शाहले सूचना प्रवाह गर्न ११ लाख एसएमएस पठाइएको जानकारी दिए । समयमा सूचना दिएन भन्ने आरोपको खण्डन गर्दै शाहले यो विपद् पूर्वानुमानभन्दा बाहिरको कुरा भएको बाँकी पृष्ठ ४

सम्पादकीय

# शिक्षालाई उत्पादनसँग जोड्ने अभ्यास

नेपालमा कृषि प्रधान अर्थतन्त्रको चर्चा धेरै हुन्छ, तर कृषि शिक्षालाई व्यवहार, उत्पादन र बजारसँग जोड्ने अभ्यास भने अझै सीमित छ । यही अवस्थामा दैलेखको भगवतीमाई गाउँपालिकास्थित श्री ज्वाला माध्यमिक विद्यालयले थालेको अभ्यास भने उदाहरणीय देखिन्छ । कक्षा ९ देखि १२ सम्म कृषि प्राविधिक धार सञ्चालन गर्दै आएको विद्यालयले विद्यार्थीलाई किताब र कक्षाकोठामा मात्र सीमित नराखी खेतबारीमा उतारेर उत्पादनदेखि बजारीकरणसम्मको सीप सिकाउन थालेको छ । विद्यार्थीले धान, मूला, च्याउ, डल्ले खुर्सानीलगायतका कृषि उपज उत्पादन गर्नु आफैँमा सकारात्मक अभ्यास हो । अझ महत्वपूर्ण पक्ष त उत्पादनलाई कच्चा पदार्थका रूपमा मात्र बिक्री नगरी त्यसको प्रशोधन र मूल्य अभिवृद्धिको अभ्यास गराइनु हो । धानबाट चामल, मूलाबाट सिन्की तथा च्याउ र डल्ले खुर्सानीबाट अचार बनाउने अभ्यासले विद्यार्थीलाई कृषि उत्पादनको वास्तविक मूल्य शृंखला बुझाउने अवसर दिएको छ ।

हाम्रो शिक्षा प्रणालीको एउटा ठूलो कमजोरी पढाइ र व्यवहारबीचको दूरी हो । धेरै विद्यार्थीले पाठ्यक्रममा कृषि पढे पनि खेतमा काम गर्ने, उत्पादनको लागत हिसाब गर्ने, उत्पादन प्रशोधन गर्ने, प्याकेजिङ गर्ने र बजार खोज्ने व्यावहारिक ज्ञान पाउँदैनन् । ज्वाला माध्यमिक विद्यालयको अभ्यासले यही खाडल पुर्ने खोजेको छ । शिक्षासँग सीप, सीपसँग उत्पादन र उत्पादनसँग बजार जोड्न सकिए कृषि शिक्षा रोजगारी खोज्नेभन्दा रोजगारी सिर्जना गर्ने माध्यम बन्न सक्छ । तर विद्यालयको यो प्रयासलाई केवल विद्यालयको सीमाभित्र राखिनु हुँदैन । स्थानीय किसानसँग प्राविधिक सहकार्य, माटो परीक्षण, आधुनिक कृषि प्रविधिको विस्तार र स्थानीय तथा लोपोन्मुख बीउ संरक्षणका लागि प्रस्तावित बीउ बैंकजस्ता कार्यक्रम प्रभावकारी रूपमा अघि बढाउन सके यसको प्रभाव समुदायसम्म पुग्न सक्छ । विद्यार्थीले विद्यालयमा सिकेको ज्ञान घर र गाउँमा प्रयोग गर्न थाले भने विद्यालय नै कृषि ज्ञान हस्तान्तरणको केन्द्र बन्न सक्छ ।

अर्को महत्वपूर्ण विषय बजार हो । उत्पादन गर्न सिकाएर मात्र पुग्दैन, उत्पादित वस्तुले उचित मूल्य पाउने वातावरण पनि आवश्यक छ । गुणस्तरीय उत्पादन, प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ र बजार व्यवस्थापनबारे विद्यार्थीलाई सिकाउन सके उनीहरूले भविष्यमा कृषि उद्यम सञ्चालन गर्ने आधार तयार गर्न सक्छन् । कृषि शिक्षालाई सम्मानजनक, व्यावसायिक र उद्यमशील बनाउने दिशामा यस्ता अभ्यासलाई स्थानीय तह र प्रदेश सरकारले समेत प्रोत्साहन गर्नुपर्छ । विद्यालयमा जमिन छ भने त्यसको सदुपयोग, स्थानीय उत्पादन छ भने त्यसको प्रशोधन र विद्यार्थीमा रुचि छ भने त्यसलाई सीपमा रूपान्तरण गर्ने नीति आवश्यक छ । ज्वाला माध्यमिक विद्यालयको अभ्यासले एउटा महत्वपूर्ण सन्देश दिएको छ, कृषि पढ्नु भनेको केवल खेती गर्न सिक्नु होइन, उत्पादन, प्रशोधन, उद्यम र बजार बुझ्नु पनि हो । अब यस्तो अभ्यासलाई एउटा विद्यालयको प्रयासमा सीमित नराखी अन्य विद्यालयमा समेत विस्तार गर्न सके कृषि शिक्षा नै कर्णालीका युवाको सीप, रोजगारी र आत्मनिर्भरताको बलियो आधार बन्न सक्छ ।

# भोटेकोशी बाढीपीडितका लागि चौकुने गाउँपालिकाले १० लाख सहयोग गर्ने

कांक्रेविहार संवाददाता
सुर्खेत, १७ भदौ

भोटेकोशी नदीमा आएको भीषण तथा विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि चौकुने गाउँपालिकाले १० लाख रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरेको छ । चौकुने गाउँपालिकाले जारी गरेको विज्ञप्तिअनुसार भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा लगायतका जिल्लाका नदी तटीय क्षेत्रमा ठूलो जनधनको क्षति भएकोप्रति गाउँपालिकाले दुःख व्यक्त गरेको छ । प्राकृतिक विपत्तिमा परी ज्यान गुमाएका सम्पूर्ण नागरिकप्रति गाउँपालिकाले भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गरेको छ । साथै, घाइते तथा प्रभावित नागरिकको शीघ्र स्वास्थ्य लाभको कामना गरिएको छ । गाउँपालिका अध्यक्षस्तरको निर्णयअनुसार विपद् व्यवस्थापन कोष, जनप्रतिनिधिको सेवा-सुविधा तथा कर्मचारीको तलब भत्ताबाट नेपाल सरकारको निर्णयअनुसार कट्टी हुने रकमसमेतबाट कुल १० लाख रुपैयाँ बराबरको आर्थिक सहयोग प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराउने निर्णय गरिएको गाउँपालिकाले जनाएको छ । चौकुने गाउँपालिकाले विपद्को यस कठिन समयमा प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सबै नागरिक, कर्मचारी, जनप्रतिनिधि, बुद्धिजीवी, व्यापारी, संघ-संस्था तथा सरोकारवालालाई सहयोगका लागि अपिलसमेत गरेको छ ।

# मन्त्रिपरिषद् पूर्ण भयो, तर के समावेशी पनि भयो?



✍ उपेन्द्र विश्वकर्मा

कर्णाली प्रदेश सरकारले अन्ततः मन्त्रिपरिषद्लाई पूर्णता दिएको छ । लामो समयदेखि रोकिएको मन्त्री नियुक्तिको गाँठो फुकेको छ । तीन महिला मन्त्री थपिएपछि सरकारको अनुहार केही हदसम्म फरक देखिएको छ । यो आफैँमा सकारात्मक कुरा हो । तर, मन्त्रिपरिषद् विस्तारसँगै एउटा असहज प्रश्न पनि उठेको छ—कर्णालीको मन्त्रिपरिषद्मा दलितको सहभागिता कहाँ छ?

यो प्रश्न कसैलाई आरोप लगाउनका लागि मात्र उठाइएको होइन । यो कर्णालीको सामाजिक बनोट, संविधानको भावना र समावेशी लोकतन्त्रको अभ्याससँग जोडिएको प्रश्न हो । सरकारमा महिला सहभागिता बढ्नु स्वागतयोग्य छ । तर महिला प्रतिनिधित्व भयो भन्देमा समावेशिताको सम्पूर्ण दायित्व पूरा भयो भन्न मिल्दैन । समाजभित्रका विभिन्न समुदायको अवस्था, जनसंख्या र राजनीतिक पहुँच पनि सँगसँगै हेर्नुपर्ने हुन्छ ।

कर्णालीको सामाजिक संरचना आफैँमा विविध छ । यहाँ दलित समुदायको जनसंख्या उल्लेख्य छ । तर राजनीतिक निर्णय गर्ने ठाउँमा उनीहरूको उपस्थिति भने त्यसअनुसार देखिँदैन । प्रदेशसभामा दलित समुदायका सांसद भए पनि मन्त्रिपरिषद्मा विभागीय जिम्मेवारीसहितको सहभागिता नहुनु पुरानै समस्या हो । अहिले बनेको मन्त्रिपरिषद्ले पनि यही प्रश्नलाई फेरि सतहमा ल्याएको छ ।

सार्वजनिक रूपमा उपलब्ध मन्त्रिपरिषद्को सूची हेर्दा दलित समुदायका विभागीय मन्त्री देखिँदैनन् । यस्तो अवस्था नयाँ भने होइन । कर्णालीमा सरकार गठन हुँदा दलित प्रतिनिधित्वको प्रश्न पटक–पटक उठ्दै आएको छ । निर्वाचनका बेला दलितको मत चाहिने, उनीहरूको मुद्दा उठाउने, उनीहरूलाई आश्वासन दिने तर सरकार गठन गर्ने बेला उनीहरूलाई पाखा लगाउने प्रवृत्ति दोहोरिरहनु आफैँमा गम्भीर राजनीतिक समस्या हो ।

अझ विडम्बनाको कुरा के छ भने कर्णालीको दलित समुदाय केवल तथ्यांकमा ठूलो जनसंख्या होइन । उनीहरु कर्णालीको सामाजिक, आर्थिक र राजनीतिक जीवनको अभिन्न हिस्सा हुन् । तर राज्यका निर्णय गर्ने संरचनामा उनीहरूको पहुँच कमजोर छ । शिक्षा, रोजगारी, भूमि, स्वास्थ्य, राजनीतिक प्रतिनिधित्व र सामाजिक सम्मानका क्षेत्रमा उनीहरूले भोगिरहेका समस्या सरकारका प्राथमिकतामा पर्नुपर्ने हो । त्यस्ता विषयलाई नजिकबाट बुझ्ने र निर्णय प्रक्रियामा आफ्नो अनुभव राख्ने प्रतिनिधि मन्त्रिपरिषद्मा हुनु झन् आवश्यक हुन्छ ।

संविधानले पनि समावेशितालाई केवल राजनीतिक दलको इच्छा वा कृपामा छोडेको छैन । संविधानको धारा ४० ले दलित समुदायलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने अधिकार दिएको छ । धारा ४२ ले सामाजिक न्यायको हक सुनिश्चित गर्दै पछाडि पारिएका तथा सीमान्तकृत समुदायलाई राज्यका निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिताको व्यवस्था गरेको छ । त्यसैले समावेशी शासन भनेको राजनीतिक भाषणमा प्रयोग गर्ने राम्रो शब्द मात्र होइन । यो संवैधानिक दायित्व पनि हो ।

तर व्यवहारमा समस्या यहीँ छ । राजनीतिक दलहरूले समावेशितालाई प्रायः चुनावी गणितका रूपमा बुझ्ने गरेका छन् । टिकट बाँड्दा समावेशिता सम्झिन्छन् । निर्वाचनको प्रचारमा समावेशिताको कुरा गर्छन् । घोषणापत्रमा पनि राम्रा शब्द लेखिन्छन् । तर सत्ता बाँडफाँटको वास्तविक क्षण आउँदा प्राथमिकता फेरिन्छ । त्यतिबेला पहुँच, गुट, व्यक्तिगत सम्बन्ध र राजनीतिक समीकरणले बढी काम गर्छ ।

कर्णालीमा अहिले पनि त्यही प्रश्न उठेको हो ।

मुख्यमन्त्रीले आफ्नो दल, गठबन्धन र राजनीतिक सन्तुलन मिलाउनुपर्ने हुन्छ । मन्त्री छनोट सजिलो काम होइन । सबै आकांक्षीलाई समेट्न सम्भव पनि हुँदैन । तर समावेशिताको प्रश्नलाई सधैं 'सबैलाई समेट्न सकिँदैन' भन्ने तर्कले पन्छाउन पनि मिल्दैन । आखिर मन्त्रिपरिषद् भनेको व्यक्तिहरूको निजी भागबन्डा होइन । यो राज्य सञ्चालन गर्ने राजनीतिक संस्था हो ।

अहिले तीन जना महिला मन्त्री थपिनु कर्णालीका लागि महत्वपूर्ण उपलब्धि हो । महिलालाई निर्णय प्रक्रियाको केन्द्रमा ल्याउने काम अझै धेरै गर्नुपर्ने अवस्थामा यो कदमको स्वागत गर्नुपर्छ । तर यहाँ अर्को कुरा छुटाउन हुँदैन—महिला प्रतिनिधित्व र दलित प्रतिनिधित्व एकअर्काको विकल्प होइनन् । एउटाको प्रतिनिधित्वले अर्कोको आवश्यकता समाप्त गर्दैन ।

समावेशी लोकतन्त्रको अर्थ नै यही हो । राज्यका संरचनामा समाजको विविधता प्रतिबिम्बित होस् । महिला, दलित, जनजाति, पिछडिएका क्षेत्र र अन्य सीमान्तकृत समुदायले राज्य सञ्चालनमा आफ्नो हिस्सेदारी महसुस गर्न सकून् । मन्त्रीको कुर्सीमा बस्नु मात्रै सबै कुरा होइन, तर निर्णय गर्ने ठाउँमा उपस्थित हुनु राजनीतिक आत्मविश्वास र सामाजिक स्वीकृतिको महत्वपूर्ण आधार हो ।

दलित समुदायबाट योग्य व्यक्ति छैनन् भन्ने तर्क पनि अब स्वीकार्य हुन सक्दैन । कर्णालीमा दलित समुदायबाट राजनीति गर्दै आएका, स्थानीय तहदेखि प्रदेश र राष्ट्रिय राजनीतिसम्म योगदान दिएका व्यक्तिहरु छन् । उनीहरूलाई अवसर दिनु भनेको कसैलाई उपकार गर्नु होइन । राज्यका विभिन्न तहमा उनीहरूको अनुभव र नेतृत्व क्षमतालाई उपयोग गर्नु हो ।

वास्तवमा समस्या दलित समुदायमा नेतृत्वको अभावभन्दा पनि राजनीतिक दलहरूको नेतृत्व विकास गर्ने शैलीमा छ । दलहरूले दलित नेताहरूलाई संगठनभित्र जिम्मेवारी दिनुपर्छ । स्थानीय तहबाटै नेतृत्व विकास गर्नुपर्छ । प्रदेशसभामा पुगेका दलित सांसदलाई केवल औपचारिक भूमिकामा सीमित गर्नु हुँदैन । उनीहरूलाई संसदीय समिति, सरकार र पार्टी संगठनमा महत्वपूर्ण जिम्मेवारी दिइनुपर्छ । त्यसपछि मात्र मन्त्रिपरिषद्मा प्रतिनिधित्वको बाटो स्वाभाविक रूपमा खुल्छ ।

कर्णालीको राजनीति लामो समयदेखि केन्द्र र पहुँचको राजनीतिबाट प्रभावित हुँदै आएको छ । जसको राजनीतिक पहुँच बलियो छ, उसले अवसर पाउने सम्भावना बढी हुन्छ । जसको आवाज कमजोर छ, ऊ फेरि पछाडि पर्छ । दलित समुदायको समस्या यही चक्रसँग जोडिएको छ । चुनावमा उनीहरूको संख्या ठूलो देखिन्छ, तर सत्ता बाँडफाँटमा उनीहरूको प्रभाव सानो हुन्छ । अब यो प्रवृत्ति बदल्ने जिम्मेवारी राजनीतिक दलहरूको हो ।

मुख्यमन्त्री र राजनीतिक दलका नेतृत्वले एउटा प्रश्न आफैँलाई सोध्नुपर्छ—हामीले बनाएको सरकार कर्णाली समाजको वास्तविक प्रतिनिधित्व गर्छ कि गर्दैन? यदि गर्दैन भने कहाँ चुक्यौं? यस्तो आत्मसमीक्षा लोकतन्त्रको कमजोरी होइन । बरु लोकतन्त्रलाई बलियो बनाउने अभ्यास हो ।

मन्त्रिपरिषद्मा दलित प्रतिनिधित्व नहुँदा त्यसको असर केवल एउटा समुदायमा पर्दैन । यसले राज्यप्रतिको विश्वासमा पनि असर गर्छ । आफूजस्ते मानिस निर्णय गर्ने ठाउँमा देखिँदा नागरिकमा राज्य आफ्नो पनि हो भन्ने अनुभूति हुन्छ । तर बारम्बार आफूलाई राज्यको निर्णय प्रक्रियाबाट बाहिर पाउँदा असन्तुष्टि बढ्छ । लोकतन्त्रप्रति प्रश्न उठ्न थाल्छ ।

कर्णाली अहिले विकास, रोजगारी, शिक्षा, स्वास्थ्य र पूर्वाधारका चुनौतीसँग जुधिरहेको छ । त्यससँगै सामाजिक विभेद र अवसरको असमानता पनि उत्तिकै गम्भीर समस्या हुन् । दलित समुदायले भोगेका समस्या समाधान गर्न नीति बनाउने ठाउँमा उनीहरूको अर्थपूर्ण उपस्थिति आवश्यक छ । प्रतिनिधित्वले सबै समस्या समाधान गर्छ भन्ने होइन । तर प्रतिनिधित्वविनाको समावेशी नीति पनि अधुरो हुन्छ ।

सरकारले महिला सहभागितालाई उपलब्धिका रूपमा प्रस्तुत गर्न सक्छ । त्यो उपलब्धि हो पनि । तर त्यसलाई समावेशिताको अन्तिम बिन्दु मान्नु हुँदैन । कर्णालीमा समावेशिताको बहस अझ फराकिलो हुनुपर्छ । जनसंख्या, भूगोल, लिंग, जातीयता र सामाजिक अवस्थाको विविधतालाई सरकारको संरचनामा कसरी प्रतिबिम्बित गर्ने भन्ने प्रश्नमा राजनीतिक नेतृत्व गम्भीर हुनैपर्छ ।

अन्ततः कुरा मन्त्रीको संख्या वा कुर्सीको मात्र होइन । कुरा राज्यमा कसको आवाज सुनिन्छ भन्ने हो । कर्णालीको दलित समुदायले पनि आफ्नो आवाज सरकारको निर्णय गर्ने तहमा सुनिएको महसुस गर्न पाउनुपर्छ । लोकतन्त्रको सुन्दरता नै यही हो—बहुमतको शासन मात्र होइन, कमजोर आवाजको पनि सम्मान ।

कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद् अहिले पूर्ण भएको छ । तर समावेशिताको परीक्षा भने सकिएको छैन । बरु यहीँबाट सुरु भएको छ । सरकार साँच्चिकै सबैको हो भने त्यसको संरचनामा पनि कर्णालीका सबै समुदायको प्रतिबिम्ब देखिनुपर्छ ।

*(अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विभागमा कार्यरत लेखक मध्यपश्चिम विश्वविद्यालय स्कुल अफ ल का पूर्व निर्देशक हुन्।)*

## जेठमै...

सम्पन्न हुन नसकेपछि म्याद असार मसान्तसम्म पुगेको थियो । असार मसान्तमा समेत काम पूरा नभएपछि अहिले पुनः असोज मसान्तसम्म म्याद थप गरिएको हो ।

आयोजनाको भौतिक प्रगति हाल करिब ७० प्रतिशत पुगेको भए पनि आर्थिक प्रगति त्यसको तुलनामा कम छ । निर्माण कम्पनीलाई हालसम्म करिब ५० प्रतिशत भुक्तानी भएको आचार्यले जानकारी दिए ।

निर्माण भइरहेको आकाशे पुल कर्णालीकै पहिलो आकाशे पुल हो । सडकको सतहबाट करिब ६ मिटर उचाइमा रहने गरी पुल तयार पारिँदैछ ।

पैदल यात्रुहरूले सडक पार गर्दा सवारी साधनहरूले ठक्कर दिने र दुर्घटना बढ्ने जोखिम बढेकाले नगरपालिकाले यो योजना अगाडी सारेको हो ।

पुलले पैदल यात्रुलाई सडकको एक किनारबाट अर्को किनारमा सहज र सुरक्षित रुपमा पुग्ने सुविधा दिनेछ ।

वीरेन्द्रनगर नगरपालिकाले मंगलगढी चोकसँगै अन्य व्यस्त स्थानमा पनि यस्ता संरचना विस्तार गर्ने योजना बनाएको छ । बसपार्क जाने बाटो, यरीचोक र एयरपोर्ट चोकलगायत क्षेत्रमा समेत भविष्यमा आकाशे पुल निर्माण गर्ने योजना रहेको नगरपालिकाले जनाएको छ ।

# झ्यारी सडक निर्माणमा लापरवाही



❐ कांक्रेविहार संवाददाता
मुगु, १७ भदौ

छायानाथ रारा नगरपालिका आठ झ्यारीमा सडक विस्तार तथा स्तरोन्नतिको काम भइरहे पनि यातायात व्यवस्थापन प्रभावकारी नहुँदा स्थानीयवासी र यात्रुले ठूलो सास्ती खेप्नुपरेको छ।

सडक अवरुद्ध हुँदा सामान्य अवस्थामा एकदेखि दुई घण्टामा पुगिने सदरमुकाम गमगढी पुग्न आठ दिनसम्म लाग्ने गरेको स्थानीयको गुनासो छ।

सडक निर्माणको जिम्मा प्रभात उपमा जेभीले पाएको छ। निर्माण कम्पनीले सडक चौडा बनाउने क्रममा यातायात सञ्चालनका लागि पर्याप्त वैकल्पिक व्यवस्था नगरेको स्थानीयको आरोप छ।

निर्माणका क्रममा ठाउँ-ठाउँमा सडक अवरुद्ध हुने र अवरोध हटाउन लामो समय लाग्ने गरेकाले यात्रु तथा सवारी चालक समस्यामा परेका हुन्।

छायानाथ रारा नगरपालिका आठका स्थानीय रतन रावलले सडक निर्माण आवश्यक भए पनि सर्वसाधारणको आवागमन नै ठप्प हुने गरी काम गर्न नहुने बताए। उनका अनुसार सडकमा अवरोध सिर्जना भएपछि यात्रुले घण्टौं पैदल हिँड्नुपर्ने अवस्था छ।

सवारी चालक विष्णु जैसीले झ्यारीबाट गमगढीसम्म सामान्य अवस्थामा करिब एक घण्टामै पुगिने भए पनि अहिले सडकको अवस्था निकै खराब रहेको बताए।

सडक अवरोधका कारण यात्रुसँगै खाद्यान्न तथा अन्य सामग्री ढुवानीमा समेत समस्या भएको उनको भनाइ छ। सडक अवरुद्ध हुँदा गाउँबाट कृषि उपज सदरमुकाम लैजान तथा सदरमुकामबाट दैनिक उपभोग्य सामग्री गाउँसम्म पुर्‍याउन कठिन भएको स्थानीय जुनु शाहीले बताए।

बिरामीलाई उपचारका लागि सदरमुकाम ल्याउनसमेत समस्या हुने गरेको स्थानीयको भनाइ छ। सडक डिभिजन कार्यालय जुम्लाका साइट इन्जिनियर दीपेन्द्र चौधरीका अनुसार सडकमा डबल कटिङ, ग्याबिन वाल, सिमेन्टेट वाल र ग्राभेलको काम भइरहेको छ।

एक करोड ८२ लाख रुपैयाँ लागत रहेको योजनाको हालसम्म करिब ३५ प्रतिशत भौतिक प्रगति भएको उनले जानकारी दिए। प्रमुख जिल्ला अधिकारी पोषणराज भण्डारीले वर्षाका बेला झ्यारी खोलामा सडक चारदेखि पाँच दिनसम्म अवरुद्ध हुने गरेको बताए।

# सडक अवरुद्ध हुँदा जाजरकोटमा सामान अभाव



❐ कांक्रेविहार संवाददाता
जाजरकोट, १७ भदौ

वर्षायाम सुरु भएसँगै जाजरकोटका अधिकांश ग्रामीण सडक अवरुद्ध हुँदा दुर्गम बस्तीमा दैनिक उपभोग्य वस्तुको अभाव देखिन थालेको छ।

असारदेखि नै सडक नियमित सञ्चालन हुन नसक्दा गाउँमा चामल, दाल, तेललगायतका अत्यावश्यक सामग्रीको आपूर्ति प्रभावित भएको हो।

लुम्बिनी-रारा राजमार्ग लामो समयदेखि अवरुद्ध हुँदा कुसे र बारेकोट गाउँपालिकातर्फ जाने यातायातका साधन गन्तव्यसम्म पुग्न सकेका छैनन्। यी क्षेत्रमा दैनिक उपभोग्य वस्तु मुख्यतः ट्रक तथा ट्याक्टरमार्फत ढुवानी हुँदै आएकोमा सडक अवरोधका कारण आपूर्ति रोकिएको स्थानीयको भनाइ छ।

कुसे गाउँपालिका पाँचका वडाध्यक्ष हरिबहादुर सिंहले सडक अवरुद्ध भएपछि गाउँमा दैनिक उपभोग्य सामानको अभाव बढ्दै गएको बताए। यातायात सञ्चालन नहुँदा बजारमा आवश्यक सामग्री पाउन कठिन भएको उनको भनाइ छ।

बारेकोट गाउँपालिकाका उपाध्यक्ष नरबहादुर गिरीका अनुसार विभिन्न गाउँबाट चामललगायत खाद्य सामग्रीको अभाव भएको गुनासो आउन थालेको छ।

कुसे आठ पैङ्का स्थानीय नवीन सिंहले लामो समयदेखि यातायात बन्द हुँदा स्थानीय बजारमा समेत सामान पाउन समस्या भएको बताए।

जाजरकोटका सात स्थानीय तहका ७७ वडामध्ये ७० भन्दा बढी वडा सडक सञ्जालमा जोडिए पनि वर्षायाममा सडक अवरुद्ध हुँदा हरेक वर्ष यस्तै समस्या दोहोरिने गरेको स्थानीय बताउँछन्। यसैबीच, शिवालय गाउँपालिका जोड्ने सडकको स्तरोन्नति तथा कालोपत्रेको काम चार वर्षपछि अघि बढेको छ।

शिवालय-कचाली सडकखण्डअन्तर्गत मोर्केदेखि शिवालयसम्मको नौ किलोमिटर सडक स्तरोन्नति गर्न लागिएको हो।

स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय सुर्खेत र वाइपी सिंह गोरखनाथ जेभीबीच २०७९ माघ १९ गते ३० करोड ७५ लाख आठ हजार रुपैयाँमा सम्झौता भएको थियो।

सम्झौताअनुसार २०८० माघभित्र सम्पन्न हुनुपर्ने काम ढिलाइ भएपछि पटक-पटक म्याद थप गरिएको थियो। पछिल्लो पटक २०८३ माघ तिन गतेसम्म काम सम्पन्न गर्ने गरी म्याद थप गरिएको कार्यालयले जनाएको छ।

कार्यालय प्रमुख राजकुमार गोइतले निर्माण व्यवसायीलाई बाँकी काम तोकिएको समयभित्र सम्पन्न गर्न निर्देशन दिइएको बताए।

## बाढीबाट बचेका टिमुरेवासी भन्छन्–

# बम पड्किएजस्तो आवाज आयो, हेर्दाहेर्दै सबै लग्यो



❐ कांक्रेविहार संवाददाता
काठमाडौं, १७ भदौ

बाढी गएको एक साता बितिसक्दा पनि टिमुरेका ६२ वर्षीय सूर्य घलेलाई त्यस दिनको भयानक आवाजले अझै झस्काउँछ। 'बम पड्किएजस्तो आवाज आयो,' शिलापत्रसँग उनले सुनाए, 'फर्केर हेर्दा त बाढी आइसकेको रहेछ।' १० भदौ २०८३ को बिहान खेतमा काम गर्न नगएको भए सूर्य र उनकी श्रीमती सोनाम तामाङ पनि बाढीमा पर्थे। टिमुरे बजारभन्दा केहीमाथि रहेको खेतमा उनीहरू काम गरिरहँदा घरमा ८९ वर्षीया आमा दावा घले एक्लै थिइन् भने छोरा काठमाडौंमा थिए।

टिमुरेका ६२ वर्षीय सूर्य घलेलाई अहिले पनि एउटा कुरा बारम्बार सम्झना आउँछ, त्यो बिहान उनी र उनकी श्रीमती खेतमा नगएको भए उनीहरू बाढीमा पर्थे। टिमुरे बजारभन्दा केही माथि उनको खेत छ। बाढी आएको दिन बिहानै सूर्य र उनकी श्रीमती सोनाम तामाङ खेतमा काम गर्न गएका थिए। घरमा ८९ वर्षीया आमा दावा घले थिइन्। छोरा भने काठमाडौंमा थिए।

दिउँसो गर्मी हुने भएकाले उनीहरू बिहानै खेत पुगेका थिए, सूर्य दम्पती। केही घण्टा काम गरेर करिब १० बजेतिर घर फर्किएर खाना खाने योजना थियो। तर, उनीहरू घर फर्किन पाएनन्। खेतमा काम गरिरहेका बेला एक्कासि ठूलो आवाज आयो। 'बम पड्किएजस्तो आवाज आयो,' सूर्यले सम्झिए। माथिल्लो भागबाट आएको भीषण बाढी क्षणभरमै उनीहरूतिर झर्‍यो। सूर्य र सोनाम उकालो भागे। खेतमा भएकाले उनीहरूले तत्काल माथि जान सके। ज्यान जोगाए। तर घरमा रहेकी आमालाई बचाउन सकेनन्। ८९ वर्षीया दावा घलेलाई बाढीले बगाएर लग्यो। त्यसपछि उनी कहाँ पुगिन् भन्ने अहिलेसम्म थाहा छैन। उनको शवसमेत भेटिएको छैन। 'आमा ८९ वर्षको हुनुहुन्थ्यो,' सूर्य भन्छन्, 'बाढीले बगाएर लग्यो। अहिलेसम्म शव पाइएको छैन। बाटो छैन, पुल छैन। कहाँ गएर खोज्नु ?'

करिब दुई घण्टापछि हेलिकोप्टर पुगेर उनीहरूको उद्धार भयो। त्यसपछि उनीहरूलाई काठमाडौं ल्याइएको छ। अहिले उनीहरू गोसोक गुम्बामा आश्रय लिएका छन्। 'हामी डाँडामा पुगिसकेका थियौं,' सूर्य भन्छन्, 'करिब दुई घण्टापछि हेलिकोप्टर आयो। गाउँसम्म घुम्यो। तर, हामीभन्दा मुनिबाट गयो।'

**'यस्तो कहिल्यै आएको थिएन'**

टिमुरेका स्थानीयका लागि बाढी नयाँ घटना थिएन। वर्षायाममा खोलामा पानी बढ्नु र बगरतिर भेल बग्नु उनीहरूले पहिलेदेखि देख्दै आएका थिए। तर, यसपटकको बाढी उनीहरूको अनुभवभन्दा बिल्कुलै फरक थियो। 'पहिले पनि बाढी आउँथ्यो,' सूर्य भन्छन्, 'बगरबगरै जान्थ्यो। योपटक माथिसम्म आयो। सबै लिएर गयो।' यसपटक बाढी खोलाको बगरमा सीमित रहेन। बजार, बस्तीमा पस्यो, घर-व्यवसाय बगायो र मानिसलाई भाग्ने समयसमेत दिएन। स्थानीयका अनुसार बाढी आउँदै छ भन्ने पूर्वसूचना उनीहरूले पाएनन्। खतरा कति ठूलो छ भन्ने थाहा पाउनुअघि नै बाढी बस्तीमा प्रवेश गरिसकेको थियो।

'गाउँलेहरू कसैलाई थाहा थिएन,' सूर्य भन्छन्, 'आइसकेपछि मात्रै हामी पनि भाग्यौं, तिमीहरू पनि भाग भनेर भनियो।'

सूचना एक व्यक्तिबाट अर्को व्यक्तिसम्म पुग्दासम्म धेरै ढिलो भइसकेको थियो। बाढीको बेला केही मानिसले तत्काल उकालो लागेर ज्यान जोगाए। तर, घरभित्र रहेका वृद्धवृद्धा र बालबालिकालाई लिन फर्किएका र आफन्त खोज्न गएका मानिसहरूलाई त्यही बाढीले लियो ।

सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य सेवा महाशाखा**
कर्णाली प्रदेश, सुर्खेत

**अनिश्चितता र अशान्तिको समयमा आफैंलाई सहयोग गर्ने तरिका**
**किशोरकिशोरीका लागि**
**यस्तो समयमा आफ्ना भावना बुझौं**
आपतकाल र अस्थिरताले धेरै गाह्रा भावना ल्याउन सक्छ। तिम्रो वरिपरि भइरहेका कुराहरूले गर्दा तिमी तनावित र भारी महशुस गर्न सक्छौ। तिमी आफैंलाई चोट लागेको हुन सक्छ वा तिमीले साथीहरूलाई नोक्सान पुगेको देखेको अथवा सुनेको हुन सक्छौ। यस्तो समयमा तीव्र भावना अनुभव गर्नु सामान्य हो।
**तिमीले निम्न भावनाहरू महसुस गर्न सक्छौ:**
- डर
- शोक
- अरूको लागि गहिरो चिन्ता
- सामान्य भन्दा बढी जोखिम लिन खोज्नु
- अर्थ र उद्देश्य हराएको महसुश गर्नु
- रिस
- उदासी
- अपराधबोध वा लाज
- आक्रामकता
- निराशा

भावना भनेको हामीलाई अवस्था बुझ्न र प्रतिक्रिया दिन सहयोग गर्ने संकेतहरू हुन्। उदाहरणका लागि, डरले सुरक्षामा रहन संकेत गर्छ, र शोकले बिर्सन र निको हुन मद्दत गर्छ। धेरै जसो अवस्थामा यस्ता भावनाहरू समयसँगै घट्छन्।
**सहयोग खोज्नुस्**
यदि तपाईंलाई लगातार चिन्ता, पीडा वा असहज भावना आइरहेको छ भने कसैसँग कुरा गर्नुहोस्। तपाईंले तल दिइएका नम्बरहरूमा कल गर्न सक्नुहुन्छ।
१६६०-०१०-२००५ - टीपीओ मानसिक-समाजिक सहायता हेल्पलाइन (बिहान ९ बजे देखि बेलुका ५ बजे सम्म), एनटिसी नेटवर्कका लागि निःशुल्क
१०९८ - बाल सहायता हेल्पलाइन (बिहान ९ बजे देखि बेलुका ५ बजे सम्म)
९८५१३५२१४२ - ड्युटीमा रहेका चिकित्सक, कान्ती बाल अस्पताल (बिहान ९ बजे देखि बेलुका ५ बजे सम्म)
९७६५३५५४०० - कान्ती बाल अस्पताल रिसेप्शन (बिहान १० बजे देखि दिउँसो २ बजे सम्म)

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# कर्णालीमा दशवर्षे शिक्षा योजना स्वीकृत




*यसअघि आर्थिक वर्ष २०७८ र ७९ देखि २०८७ र ८८ सम्म कार्यान्वयन गर्ने गरी तयार पारिएको मस्यौदा दुई पटक मन्त्रिपरिषद्मा पुगे पनि स्वीकृत हुन सकेको थिएन।*

❑ कांक्रेविहार संवाददाता
सुर्खेत, १७ भदौ

कर्णाली प्रदेश सरकारले प्रदेशको शिक्षा क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले दशवर्षे शिक्षा योजना स्वीकृत गरेको छ। मंगलबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले 'शिक्षा क्षेत्र योजना २०८३ र २०९२' स्वीकृत गर्ने निर्णय गरेको हो।

प्रदेश संरचना लागू भएको करिब एक दशकपछि शिक्षा क्षेत्रको दीर्घकालीन योजना स्वीकृत भएको हो। यसअघि प्रदेशको शिक्षा नीति नहुँदा शिक्षासम्बन्धी आवश्यक ऐन, नियम तथा कार्यक्रम निर्माणमा समेत कठिनाइ हुँदै आएको थियो।

संविधानले प्रदेशलाई प्रदेश विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी अधिकार प्रदान गरे पनि स्पष्ट नीतिको अभावमा त्यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण बनेको थियो।

सामाजिक विकास मन्त्रालयका योजना महाशाखा प्रमुख सुवर्ण खड्काका अनुसार मन्त्रालयले प्रदेश गठनको सुरुवाती चरणदेखि नै शिक्षा नीतिको मस्यौदा तयार गर्ने काम अघि बढाएको थियो।

विभिन्न चरणमा छलफल र परिमार्जनपछि अहिले योजना स्वीकृत भएको र अब सोहीअनुसार शिक्षा क्षेत्रका कार्यक्रम तथा योजना कार्यान्वयन गरिने उनले बताए। यसअघि आर्थिक वर्ष २०७८ र ७९ देखि २०८७ र ८८ सम्म कार्यान्वयन गर्ने गरी तयार पारिएको मस्यौदा दुई पटक मन्त्रिपरिषद्मा पुगे पनि स्वीकृत हुन सकेको थिएन।

शिक्षा क्षेत्र योजना स्वीकृत भएपछि शिक्षाका जानकारले सकारात्मक प्रतिक्रिया दिएका छन्। शिक्षाका लागि राष्ट्रिय अभियान नेपालका महासचिव टीकाराम आचार्यले लामो छलफल, विज्ञ तथा सरोकारवालाको सुझावपछि नीति स्वीकृत भएकाले अब कार्यान्वयनमा विशेष ध्यान दिनुपर्ने बताए। मध्यपश्चिम विश्वविद्यालयका उपप्राध्यापक डा. विष्णु खड्काले कर्णालीको भौगोलिक अवस्था र आवश्यकता अनुसार योजनाको कार्यान्वयन गर्नुपर्नेमा जोड दिए। उनले पर्याप्त बजेट, गुणस्तरीय शिक्षा र प्रभावकारी कार्यान्वयनलाई प्राथमिकता दिनुपर्ने बताए।

# बाढी-पहिरोले मुख्य राजमार्ग प्रभावित

❑ कांक्रेविहार संवाददाता
सुर्खेत, १७ भदौ

अविरल वर्षासँगै आएको बाढी र पहिरोका कारण देशका विभिन्न मुख्य राजमार्ग तथा सडकखण्डमा यातायात प्रभावित भएको छ। नेपाल प्रहरीका अनुसार बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानमा पहिरो खस्नुका साथै बाढीका कारण सडक अवरुद्ध भएका छन्। धादिङमा पर्ने पृथ्वी राजमार्ग सबैभन्दा बढी प्रभावित भएको छ।



मुख्य राजमार्ग अवरोध (मिति: २०८३।०५।१७ गते ) ०६:३० बजे सम्म)

| क्र.सं. | जिल्ला | विषय | बाटो बन्द भएको मिति | स्थान | राजमार्ग | खुलेको/नखुलेको |
|---|---|---|---|---|---|---|
| बागमती प्रदेश | | | | | | |
| १. | काभ्रे | संभावित बाढी | २०८३।०३।२२ गते १८:०० देखी अर्को सूचना नभएसम्मका लागि बिहान ०४:०० बजे सम्म | खुर्कोट-नेपालथोक-कटुन्जेबेंसी चल्ने सम्पुर्ण सवारी साधनहरु | बि.पि.राजमार्ग | २०८३।०३।२२ गते साँझ १८:०० देखी बिहान ०४:०० बजे सम्म अर्को सूचना नभएसम्मका लागि सम्पूर्ण सवारी साधन सञ्चालनमा रोक लगाइएको र बिहान ०४:०० बजे देखि साँझ १८:०० बजे सम्म परिस्थितिको विचार गरी सवारी साधनहरु सुचारु हुने |
| २. | रसुवा | बाढी | २०८३।०५।०८ ०८:०० | उत्तरगया गा.पा. वडा नं.५ खाल्टे | त्रिशुली मैलुङ स्याफ्रुबेंसी सडक खण्ड | पूर्ण रुपमा अवरोध (लामो समय सम्म रहने) |
| | | बाढी | २०८३।०५।१० १०:३० | मुख्य राजमार्ग सबै | मुख्य राजमार्ग सबै | पूर्ण रुपमा अवरोध अर्को सूचना नभएसम्मको लागि |
| ३. | नुवाकोट | संभावित बाढी, पहिरो | २०८३।०५।०१ २२:०० बजे देखी अर्को सूचना नभएसम्मको लागि बिहान ०५:०० बजे सम्म | शिवपुरी गा.पा. ८ घट्टेखोला | टोखा छहरे सडक खण्ड | २०८३।०५।०१ गते राती २२:००बजे देखि बिहान ०५:०० बजेसम्म अर्को सूचना नभएसम्मको लागि रातको समयमा सवारी साधन सञ्चालनमा रोक लगाइएको |
| | | बाढी | २०८३।०५।१० १०:३० | बेत्रावती न.पा. १० सिमटार | पसाङ ल्हामु सडक खण्ड | पूर्ण रुपमा अवरोध अर्को सूचना नभएसम्मको लागि |
| | | पहिरो | २०८३।०५।१७ ०३:५० | सुर्यगढी गा.पा.५ लाप्चाङ डाँडा | बिदुर लाप्चाङ सडक(रसुवा जाने) | पूर्ण रुपमा अवरोध |
| ४. | धादिङ | पहिरो | २०८३।०५।१४ ०८:०० | बेनिघाट रोराङ गा.पा.०७ कृष्णभिर | पृथ्वीराजमार्ग | पूर्ण रुपमा अवरोध |
| | | पहिरो | २०८३।०५।१४ १२:०० | गजुरी गा. पा. ०२ परेवाभिर | पृथ्वीराजमार्ग | पूर्ण रुपमा अवरोध |
| | | पहिरो | २०८३/०५/१६ १८:०० | बेनीघाट रोराङ गा.पा. वडा नं. १० ज्वाङखोला र धादिङ बेसी गा.पा.वडा नं.२ कमेरेभिर | पृथ्वीराजमार्ग | एकतर्फी सवारी |
| गण्डकी प्रदेश | | | | | | |

बेनीघाट रोराङ-७ स्थित कृष्णभीर र गजुरी दुईको परेवा भीरमा ठूलो पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरुद्ध भएको प्रहरीले जनाएको छ। बेनीघाट रोराङ-१० को ज्वाङ खोला र थाक्रे दुई स्थित कमेरेभीरमा भने पहिरो पन्छाएपछि सडक एकतर्फी रूपमा सञ्चालनमा आएको छ।

काभ्रेअन्तर्गत बीपी राजमार्गको खुर्कोट-नेपालथोक सडकखण्डमा बाढीको उच्च जोखिम रहेकाले रातको समयमा सवारी सञ्चालनमा रोक लगाइएको छ। साँझ छ बजेदेखि बिहान चार बजेसम्म सबै प्रकारका सवारी साधन सञ्चालन गर्न नदिइने व्यवस्था गरिएको छ। बिहान चार बजेदेखि साँझ छ बजेसम्म भने सडकको अवस्था मूल्यांकन गरेर मात्र सवारी सञ्चालन गर्न दिइएको छ। यसैगरी, पासाङ ल्हामु सडकखण्डको सिटारमा बाढी आएपछि सडक पूर्ण रूपमा अवरुद्ध भएको छ।

विदुर-लाप्चाङ तथा टोखा-छहरे सडकखण्ड पनि बाढी र पहिरोका कारण प्रभावित भएका छन्। रसुवाको उत्तरगया पाँच स्थित खाल्टेमा बाढी आएपछि त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी सडकखण्ड लामो समयदेखि बन्द रहेको प्रहरीले जनाएको छ। गण्डकी प्रदेशमा लमजुङको बेंसीसहर-मनाङ सडकखण्डअन्तर्गत खर्करेभीरमा पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरुद्ध भएको छ। कर्णाली प्रदेशको मुगु-गमगढी सडकखण्ड अन्तर्गत ताल्चामा पहिरो खसेपछि यातायात ठप्प भएको छ। यता, सुदूरपश्चिम प्रदेशको बैतडीमा पनि पहिरोका कारण सडक अवरुद्ध भएको छ। गोठालापानी-झुलाघाट सडकखण्डमा पहिरो खसेपछि यातायात पूर्ण रूपमा बन्द भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार अवरुद्ध सडकखण्डमा पहिरो तथा बाढी पन्छाउने काम भइरहेको छ भने जोखिमयुक्त क्षेत्रमा यात्रुलाई आवश्यक सावधानी अपनाउन आग्रह गरिएको छ।

## सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरौं

- सार्वजनिक शौचालयको निर्माण तथा नागरिकको पहुँच विस्तार गरौं,
- सार्वजनिक शौचालयको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- फोहोर, प्लास्टिक वा अन्य वस्तु शौचालयमा नफालौं,
- साबुनपानीले हात धुने बानी अपनाई व्यक्तिगत सरसफाइमा ध्यान दिऔं,
- सार्वजनिक सम्पत्तिको सम्मान गर्दै क्षति पुग्ने कार्य नगरौं,
- शौचालय स्वच्छ राखी रोगको संक्रमण न्यूनीकरणमा योगदान दिऔं,
- सार्वजनिक शौचालय सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं।

*स्वच्छ शौचालय, स्वस्थ समुदाय र सभ्य समाज निर्माणमा सबैले सहयोग गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रधानमन्त्रीले...

बताए । उनले भने, 'सरकारलाई थाहा हुने बित्तिकै ११ लाख नागरिकलाई एसएमएसमार्फत सूचना पठाइएको थियो ।'

प्रधानमन्त्री शाहले शव व्यवस्थापनको बारे उठेको प्रश्नको पनि जवाफ दिए । उनले शव व्यवस्थापन वैज्ञानिक आधारमा गरिएको बताए । शव व्यवस्थापनका विषयमा उठेका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री शाहले ठुलो संख्यामा मृत्यु भएकाले कानुनी र वैज्ञानिक आधार टेकेर पहिचान नभएका शवलाई जमिनमुनि व्यवस्थापन गरिएको जानकारी दिए। उनले भने- 'डिएनए परीक्षण गरिएको छ, पछि म्याच गराएर अन्तिम संस्कार गर्न सकिन्छ। यसमा भ्रममा नपर्न आग्रह गर्दछु।'

सरकारमाथि प्रदेश र स्थानीय तहसँग समन्वय नगरेको भन्ने विषयमा पनि प्रधानमन्त्रीले जवाफ दिए । उनले प्रदेश र स्थानीय तहसँग निरन्तर संवादमा रहेको बताए । उनले समन्वयमार्फत नै राहत र उद्धारका कामहरू भइरहेको दाबी गरे ।

सुरुङ उद्धारको विषयमा उठेको प्रश्नबारे पनि जवाफ दिए । जलविद्युत आयोजनाका सुरुङमा फसेकाहरूको उद्धारका सम्बन्धमा प्रधानमन्त्रीले राज्यका सबै पक्षहरू सुरुदेखि नै उद्धारमा लागेको बताए ।

'यो फरक खालको उद्धार भएकाले यसमा निकै ठुलो प्राविधिक ज्ञान चाहिन्छ,' उनले भने, 'आफ्नो स्रोतसाधनले भ्याएसम्म सरकारले प्रयास गरिरहेको छ।'

BND
वीरेन्द्रनगर डेन्टल केयर होम
वीरेन्द्रनगर ६, हटियाचोक सुर्खेत
मा उपलब्ध अत्याधुनिक दन्त उपचार सेवाहरू:→
विश्वस्तरीय प्रविधि र अनुभवी दन्त चिकित्सकद्वारा सेवा
१. पूर्ण दन्त परीक्षण: मुख र दाँतको विस्तृत जाँच।
२. दाँत सफाई: अत्याधुनिक प्रविधिद्वारा दाँत र गिजाको सफाई।
३. दाँत भर्ने र जरादेखि उपचार (RCT): किराले खाएको दाँतको सुरक्षित उपचार।
४. दाँत रोप्ने (Dental Implant): हराएको दाँतको स्थायी र प्राकृतिक समाधान।
५. दाँत बाँध्ने (Braces): टेढोमेढो दाँतलाई सिधा र आकर्षक बनाउने।
६. नक्कली दाँत राख्ने (Crown/Bridge/Denture): हराएको दाँतको सट्टा नक्कली दाँत राख्ने।
७. दाँत निकाल्ने: सामान्य र जटिल प्रकारका दाँत निकाल्ने सेवा।
८. लेजर र कस्मेटिक उपचार: आधुनिक प्रविधिबाट दाँत र मुस्कानलाई सुन्दर बनाउने।
९. बाल दन्त चिकित्सा: बालबालिकाहरूको दन्त स्वास्थ्यको विशेष हेरचाह।
तपाईंको दन्त स्वास्थ्यसँग सम्बन्धित जुनसुकै समस्याको लागि हामीलाई सम्पर्क गर्नुहोस्।
आधुनिक प्रविधि सुरक्षित उपचार उत्कृष्ट सेवा
सम्पर्क : स्थान: वीरेन्द्रनगर ६, हटिया चोक, सुर्खेत फोन नम्बरहरू: ९८५८०५११६४, ९८५८०६१७६९, ९७१२०५५५६५

सुरक्षित तथा भूकम्प प्रतिरोधी आवास निर्माण गरौं।
सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो।
दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं।
प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं।
दीगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पूर्वाधार सेवा प्राप्ती नागरिक अधिकार।
पूर्वाधार विकास निर्देशनालय
सुर्खेत

कांक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४५७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)